# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
प्रदेश नं. १, नेपाल

☎ फोन नं.-०२३ -५४५८००

च.नं. ९६५
प.स. ०७७/७८

मिति :– २०७८/०१/०७

**विषयः- आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा८) को संसोधित समयतालिका सम्बन्धमा ।**

**श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु**

**बिर्तामोड नगरपालिका, झापा ।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७७ को अन्त्यमा लिइने विद्यालय स्तरीय परीक्षा तथा आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा ८) सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस नगरपालिका स्तरीय परीक्षा समितिको मिति २०७७/१२/२५ गतेको निर्णयानुसार तयार गरिएको समयतालिका र परीक्षासंग सम्बन्धित निर्देशनमा मिति २०७८/०१/०७ बसेको समितिको निर्णयले देहाय अनुसार संसोधन गरेकोले सोही अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**तपसील**

**समयतालिका**

| क्र.सं. | मिति | साधारण शिक्षा | संस्कृत /गुरुकुल | समयावधि |
|---|---|---|---|---|
| | | विषय | विषय | |
| १ | २०७८ साल बैसाख २० गते सोमबार | अंङ्ग्रेजी | अंङ्ग्रेजी | दिनको १२.०० वजे देखि |
| २ | २०७८ साल बैसाख २१ गते मंगलबार | नेपाली | नेपाली | दिनको १२.०० वजे देखि |
| ३ | २०७८ साल बैसाख २२ गते बुधबार | गणित | गणित | दिनको १२.०० वजे देखि |
| ४ | २०७८ साल बैसाख २३ गते बिहिबार | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | दिनको १२.०० वजे देखि |
| ५ | २०७८ साल बैसाख २४ गते शुक्रबार | विज्ञान तथा वातावरण | बेद | दिनको १२.०० वजे देखि |
| ६ | २०७८ साल बैसाख २५ गते शनिवार | क. नैतिक शिक्षा<br>ख. स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत ब्याकरण | दिनको १२.०० वजे देखि |
| ७ | २०७८ साल बैसाख २६ गते आइतबार | पेशा व्यवसाय तथा प्रविधि शिक्षा | कर्मकाण्ड | दिनको १२.०० वजे देखि |
| ८ | २०७८ साल बैसाख २७ गते सोमबार | मातृभाषा वा स्थानिय विषय वा संस्कृत वा अन्य विषय | संस्कृत रचना | दिनको १२.०० वजे देखि |

१. यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा ८) मिति २०७८ साल बैसाख २० गते सोमबार दिनको १२.०० बजे देखि माथि उल्लेखित समयतालिका अनुसार सञ्चालन तथा व्यवस्थापन गर्नु गराउनु पर्नेछ ।

२. कुनै आकस्मिक बिदा पर्न गएमा पनि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको पूर्व सूचना विना परीक्षा स्थगित गरिने छैन।

३. विद्यालयका अन्य कक्षाहरुको परीक्षा २०७८ बैसाख २० गतेदेखि सञ्चालन गरी नतिजा प्रकाशन विश्लेषण लगायतका कार्य कार्यतालिका निर्माण गराइ सम्पन्न गर्नु गराउनु पर्नेछ।

४. शैक्षिक सत्र २०७७ मा कक्षा ८ को परीक्षामा सामेल हुने विद्यार्थी २०७७ साल चैत्र मसान्तभित्र १२ वर्ष पुरा भएको (२०६५ चैत्र मसान्त जन्ममिति भएको ) हुनु पर्नेछ । सो भन्दा कम उमेरका विद्यार्थी परीक्षामा सामेल गराइ परीक्षा रद्द भएमा प्रधानाध्यापक स्वयं जिम्मेवार हुनु पर्नेछ ।

५. विद्यार्थी प्रविष्टि गरी सकेपछि पुन: विद्यार्थीको वैयक्तिक विवरण रुजु तथा अन्तिम विवरण तयार गर्न लगाइ रजिष्ट्रेशन सहितको विद्यार्थी विवरण प्रधानाध्यापकले प्रमाणित गरी मिति २०७८/०१/०७ गते भित्र यस शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । तोकिएको मिति भित्र विवरण प्रविष्टी नगरी वा यस शाखामा नबुझाएको कारण परीक्षा व्यवस्थापनमा कुनै समस्या पर्न गएमा विद्यालय स्वयं जिम्मेवार हुनु पर्नेछ ।

तिलचन भण्डारी
उपसचिव



Scanned with CamScanner

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
प्रदेश नं. १, नेपाल

☎ फोन नं.-०२३ -५४५८००


६. रजिष्ट्रेशन सहितको विद्यार्थी विवरण शाखामा पेश भए पछि विद्यार्थीहरुको आवेदन फाराम शाखाबाट बुझि विद्यालयले परीक्षार्थीहरुको रजिष्ट्रेशन नम्बर तथा सिम्बल नम्बर सहितको आवेदन फाराम भरी भराइ त्यसमा विद्यार्थीको विद्यालय पोशाकमा खिचेको फोटो टाँस तथा प्रधानाध्यापकले प्रमाणित गरी मिति २०७८/०१/ १७ गते भित्र जन्मदर्ताको प्रतिलिपि र कक्षा ७ उत्तीर्ण मार्कलेजर वा मार्कसीट/ग्रेडसीट संलग्न राखी शाखामा पेश गर्नु पर्नेछ । शाखाबाट प्रवेशपत्र प्रमाणित गराइ सोका आधारमा परीक्षा सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ ।

७. परीक्षामा सामेल हुन विद्यार्थीले चालु शैक्षिक सत्रमा कक्षा ८ मा ७५% हाजिर भइ नियमित रुपमा अध्ययन गरेको हुनु पर्नेछ

८. परीक्षार्थीहरुका लागि परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनु पर्नेछ ।

९. तोकिएको परीक्षा केन्द्र र समयतालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन् ।

१०. परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नंम्बरबाट मात्र परीक्षा दिनु पर्नेछ । कोड नंम्बरबाट परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

११. नगरपालिका भित्र अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थागत विद्यालयमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरुको परीक्षा सञ्चालन प्रयोजनार्थ प्रति विद्यार्थी रु.३००।- का दरले जम्मा परीक्षार्थीको शुल्क एकमुष्ठ रुपमा सम्बन्धित विद्यालयले बिर्तामोड नगरपालिकाको **एन.आई.सी. एशिया बैंक बिर्ताबजार शाखामा रहेको नगर स्तरीय परीक्षा समितिको च.हि.नं २४६४१५००२३९००००२** मा रकम जम्मा गरी सो को एक प्रति सक्कल भौचर मिति २०७८/०१/ १७ गतेभित्र नपा शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गरी सक्नु पर्नेछ ।

१२. परीक्षा समितिले परीक्षा सञ्चालनका लागि विद्यार्थी संख्याका आधारमा प्रश्नपत्र, मुल तथा थप उत्तरपुस्तिका उपलब्ध गराइने हुदा समयमै विद्यालयहरुले बुझि व्यवस्थापन गर्नु पर्नेछ।

१३. मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा बेदविद्याश्रम तर्फका विषयको प्रश्नपत्रको हकमा विद्यालय स्वयंले गोप्यरुपमा सम्वन्धित विषय शिक्षकको सहयोगमा विशिष्टिकरण तालिका अनुसार निर्माण गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ साथै त्यस्ता प्रश्नपत्रको एकप्रति शिलबन्दी गरी यस शाखामा पेश गर्नु पर्नेछ।

१४. विद्यालयहरुले हरेक विषयको आन्तरिक/प्रयोगात्मक परीक्षा विद्यालय स्वयंले पाठ्यक्रमले तोकेवमोजिम परीक्षा सञ्चालन गर्नका साथै विद्यालयमा प्रमाणित अभिलेख राखी सो प्राप्ताङ्क विवरण मिति २०७८ बैसाख १७ गते भित्र कक्षा ८ को **Templet** मा प्रविष्टि गरी सक्नु पर्नेछ। उक्त मिति पछि प्रयोगात्मक अंक प्रविष्टि लक हुने हुदा समयमै कार्य सम्पन्न गर्नु पर्नेछ ।

१५. परीक्षासम्बन्धी थप जानकारी यस शाखाको मिति २०७७/१२/२५ गतेको परीपत्र अनुसार गर्न हुन ।

१६. परीक्षासम्बन्धी थप जानकारी तथा कुनै कुरा स्पष्ट नभएमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिने छ । थप जानकारीका लागि

*शाखा प्रमुख श्री तिलचन भण्डारी ९८४२०५९३५३ शाखा अधिकृत श्री दिनेशप्रसाद आचार्य ९८४२६२६५३३*
*श्री केशरबहादुर खवास ९८५२६७३४२३ श्री जयराम चौलागाँई ९८४२६५७१५७*
*श्री मित्रनाथ ओली ९८४२६३४६८३*

2078/01/06

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा, बिर्तामोड नगरपालिका : Website मा Upload गर्नहुन ।



Scanned with CamScanner